# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

### कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३७२/०६६-६७**

निम्नलिखित पदहरु बढुवा (कार्य क्षमताको मूल्यांकन) द्वारा पूर्ति गर्नु पर्ने भएकोले २०६६ साल असार मसान्तसम्ममा नि.से.ऐन, २०४९ को दफा २१ बमोजिम सम्भाव्य उम्मेदवार हुनेहरुले नि.से.नि., २०५० को नियम ७४ अनुसार लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०६६।११।४ गतेसम्ममा दरखास्त दिन सूचना गरिन्छ ।

विज्ञापन भएको २१ (एक्काइस) दिन भित्र रित पूर्वक थप माग प्राप्त भएमा त्यस बमोजिमको पद समेत थप हुने छ ।

दरखास्त फाराम (नयाँ ढाँचा) आयोगको Website: **www.psc.gov.np** बाट समेत दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्र आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुमा बुझाउन सकिने छ । म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

पुनश्चः

(क) नि.से.ऐन, २०४९ को दफा २२, २४(ख), २४(ग) र २४(घ) अनुसारको ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन नि.से.ऐन, २०४९ को दफा २४(क) बमोजिम गणना हुनेछ । महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा नि.से.ऐनको दफा २१ को उपदफा (२) अनुसार हुनेछ । नि.से.नि.को नियम १२३ अनुसारको सेवा अवधि भएमा प्रमाणित भएको हुनुपर्ने छ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

(घ) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिम गर्नुपर्ने छ ।

**विवरण**

| सि.नं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १ | १४८/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | ४ (चार) |
| २ | १४९/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | १ (एक) |
| ३ | १५०/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | २ (दुई) |
| ४ | १५१/०६६-६७ | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | ३ (तीन) |
| ५ | १५२/०६६-६७ | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | १४ (चौध) |
| ६ | १५३/०६६-६७ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | १ (एक) |
| ७ | १५४/०६६-६७ | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | ७ (सात) |

**माग गर्ने निकायः-** (१) सामान्य प्रशासन मन्त्रालय, कानून तथा न्याय मन्त्रालय र व्यवस्थापिका-संसद सचिवालय ।

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

### कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा गरिने पदको सूचना

**सूचना नं. ३७३/०६६-६७**

निजामती सेवा ऐन, २०४९ को दफा ७(१) र दफा ७(१५) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा पूर्ति हुने राजपत्रांकित तृतीय श्रेणीका पदहरुको उल्लेखित पदहरुमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम बढुवा भएका कर्मचारीहरुले नि.से.नि., २०५० को नियम ७७क बमोजिम समायोजन गर्ने प्रयोजनको लागि सोही नियमावलीको नियम ७४ बमोजिम लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०६६।११।४ गतेसम्ममा दरखास्त दिन सूचना गरिन्छ ।

विज्ञापन भएको २१ (एक्काइस) दिन भित्र रित पूर्वक थप माग प्राप्त भएमा त्यस बमोजिमको पद समेत थप हुने छ ।

दरखास्त फाराम (नयाँ ढाँचा) लोक सेवा आयोगको Website: **www.psc.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त दाखिला गर्ने अन्तिम मितिभित्र आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयमा बुझाउन सकिने छ । म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

पुनश्चः

(क) दरखास्त फारामसाथ निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम भएको बढुवा र सोभन्दा तल्लो पदको नियुक्तिपत्र पेश गर्नु पर्नेछ ।

(ख) दरखास्त फाराममा कर्मचारी संकेत नम्बर अन्य खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलहरुमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

**विवरण**

| सि.नं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १ | १५५/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | ४ (चार) |
| २ | १५६/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | २ (दुई) |
| ३ | १५७/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | १ (एक) |
| ४ | १५८/०६६-६७ | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | ४ (चार) |
| ५ | १५९/०६६-६७ | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | १४ (चौध) |
| ६ | १६०/०६६-६७ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | १ (एक) |
| ७ | १६१/०६६-६७ | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | ६ (छ) |
| ८ | १६२/०६६-६७ | लेखापरीक्षण अधिकृत, लेखापरीक्षण, रा.प. तृतीय | १ (एक) |

# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) आ.प्र., समावेशी र खुला पदको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ३७४/०६६-६७**

निम्न सेवा, समूह र उपसमूहका राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) आ.प्र., समावेशी तर्फका महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्र एवं खुला पदको प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट आयोगद्वारा स्वीकृत फाराम भरी दरखास्त आह्वान गरिन्छ ।

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह र श्रेणी | समावेशी, आ.प्र. र खुला | पद संख्या | परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथमपत्र समय २.०० बजे | द्वितीयपत्र समय २.०० बजे | तृतीयपत्र समय २.०० बजे |
| १. | १३३१/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | आ.प्र. | ४ (चार) | २०६६/११/२८ | २०६६/११/२९ | - |
| २. | १३३२/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | महिला | ५ (पाँच) | २०६६/१२/५ | २०६६/१२/६ | २०६६/१२/७ |
| ३. | | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | आदिवासी/जनजाति | ७ (सात) | | | |
| ४. | | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | मधेसी | ५ (पाँच) | | | |
| ५. | | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | दलित | ३ (तीन) | | | |
| ६. | | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | अपाङ्ग | १ (एक) | | | |
| ७. | | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | पिछडिएको क्षेत्र | १ (एक) | | | |
| ८. | १३३३/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | खुला | १६ (सोह्र) | | | |
| ९. | १३३४/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | आ.प्र. | १ (एक) | २०६६/१२/१ | २०६६/१२/२ | - |
| १०. | १३३५/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | महिला | १ (एक) | २०६६/१२/११ | २०६६/१२/१२ | २०६६/१२/१३ |
| ११. | | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | आदिवासी/जनजाति | २ (दुई) | | | |
| १२. | | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | मधेसी | ३ (तीन) | | | |
| १३. | | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | पिछडिएको क्षेत्र | १ (एक) | | | |
| १४. | १३३६/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | खुला | ७ (सात) | | | |
| १५. | १३३७/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | आ.प्र. | १ (एक) | २०६६/१२/३ | २०६६/१२/४ | - |
| १६. | १३३८/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | महिला | १ (एक) | २०६६/१२/८ | २०६६/१२/९ | २०६६/१२/१० |
| १७. | | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | आदिवासी/जनजाति | २ (दुई) | | | |
| १८. | | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | मधेसी | १ (एक) | | | |
| १९. | | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | दलित | १ (एक) | | | |
| २०. | | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | पिछडिएको क्षेत्र | १ (एक) | | | |
| २१. | १३३९/०६६-६७ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | खुला | ६ (छ) | | | |
| २२. | १३४०/०६६-६७ | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | आ.प्र. | ४ (चार) | २०६६/११/२८ | २०६६/११/२९ | - |
| २३. | १३४१/०६६-६७ | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | महिला | ५ (पाँच) | २०६६/१२/१४ | २०६६/१२/१५ | २०६६/१२/१६ |
| २४. | | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | आदिवासी/जनजाति | ३ (तीन) | | | |
| २५. | | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | मधेसी | ३ (तीन) | | | |
| २६. | | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | दलित | १ (एक) | | | |
| २७. | | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | अपाङ्ग | १ (एक) | | | |
| २८. | | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | पिछडिएको क्षेत्र | १ (एक) | | | |
| २९. | १३४२/०६६-६७ | शाखा अधिकृत, परराष्ट्र, रा.प. तृतीय | खुला | १४ (चौध) | | | |
| ३०. | १३४३/०६६-६७ | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | आ.प्र. | १४ (चौध) | २०६६/११/२८ | २०६६/११/२९ | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१. | १३४४/ ०६६-६७ | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | **महिला** | १४ (चौध) | २०६६/१२/२१ | २०६६/१२/२२ | २०६६/१२/२३ |
| ३२. | | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १२ (बाह्र) | | | |
| ३३. | | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | **मधेसी** | १० (दस) | | | |
| ३४. | | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | **दलित** | ४ (चार) | | | |
| ३५. | | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | **अपाङ्ग** | ३ (तीन) | | | |
| ३६. | | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | **पिछडिएको क्षेत्र** | २ (दुई) | | | |
| ३७. | १३४५/ ०६६-६७ | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | **खुला** | ५४ (चउन्न) | | | |
| ३८. | १३४६/ ०६६-६७ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | **आ.प्र.** | १ (एक) | २०६६/१२/१ | २०६६/१२/२ | - |
| ३९. | १३४७/ ०६६-६७ | लेखा अधिकृत, प्रशासन, लेखा रा.प. तृतीय | **महिला** | १ (एक) | २०६६/१२/२४ | २०६६/१२/२५ | २०६६/१२/२६ |
| ४०. | | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | | |
| ४१. | | लेखा अधिकृत, प्रशासन, लेखा रा.प. तृतीय | **मधेसी** | ४ (चार) | | | |
| ४२. | | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | **दलित** | ३ (तीन) | | | |
| ४३. | १३४८/ ०६६-६७ | लेखा अधिकृत, प्रशासन, लेखा रा.प. तृतीय | **खुला** | ४ (चार) | | | |
| ४४. | १३४९/ ०६६-६७ | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | **आ.प्र.** | ७ (सात) | २०६६/१२/३ | २०६६/१२/४ | - |
| ४५. | १३५०/ ०६६-६७ | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | **महिला** | ७ (सात) | २०६६/१२/२८ | २०६६/१२/२९ | २०६६/१२/३० |
| ४६. | | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | ६ (छ) | | | |
| ४७. | | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | **मधेसी** | ५ (पाँच) | | | |
| ४८. | | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | **दलित** | ३ (तीन) | | | |
| ४९. | | शाखा अधिकृत, प्रशासन, राजस्व, रा.प. तृतीय | **अपाङ्ग** | १ (एक) | | | |
| ५०. | १३५१/ ०६६-६७ | शाखा अधिकृत, प्रशासन, राजस्व रा.प. तृतीय | **खुला** | २३ (तेइस) | | | |
| ५१. | १३५२/ ०६६-६७ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | २०६६/१२/१७ | २०६६/१२/१८ | २०६६/१२/१९ |
| ५२. | | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | **मधेसी** | २ (दुई) | | | |
| ५३. | | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | **दलित** | १ (एक) | | | |
| ५४. | १३५३/ ०६६-६७ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | **खुला** | २ (दुई) | | | |
| ५५. | १३५४/ ०६६-६७ | शाखा अधिकृत, व्यवस्थापिका संसद, सामान्य प्रशासन, रा.प. तृतीय | **आ.प्र.** | २ (दुई) | २०६६/१२/१ | २०६६/१२/२ | - |
| ५६. | १३५५/ ०६६-६७ | शाखा अधिकृत, व्यवस्थापिका संसद, सामान्य प्रशासन, रा.प. तृतीय | **महिला** | २ (दुई) | २०६७/१/२ | २०६७/१/३ | २०६७/१/४ |
| ५७. | | शाखा अधिकृत, व्यवस्थापिका संसद, सामान्य प्रशासन, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | २ (दुई) | | | |
| ५८. | | शाखा अधिकृत, व्यवस्थापिका संसद, सामान्य प्रशासन, रा.प. तृतीय | **मधेसी** | २ (दुई) | | | |
| ५९. | | शाखा अधिकृत, व्यवस्थापिका संसद, सामान्य प्रशासन, रा.प. तृतीय | **दलित** | १ (एक) | | | |
| ६०. | १३५६/ ०६६-६७ | शाखा अधिकृत, व्यवस्थापिका संसद, सामान्य प्रशासन, रा.प. तृतीय | **खुला** | ८ (आठ) | | | |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता ।
**परीक्षा केन्द्रः-** आयोगको क्षेत्रीय निर्देशनालयहरु ।
**परीक्षा दस्तुरः-** रा.प. तृतीय श्रेणीको लागि रु. ५००।- (पाँचसय) बुझाउनु पर्ने र एउटै सेवाको समावेशी तथा खुलाको लागि २० प्रतिशत थप दस्तुर बुझाउनु पर्ने छ ।
**दरखास्त दिने स्थानः-** आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु । साथै आयोगको कार्यालय रहेका जिल्लाहरु बाहेकका जिल्लाहरुमा सम्बन्धित जिल्ला हुलाक कार्यालयमा समेत दरखास्त बुझाउन सकिनेछ ।
**दरखास्त दिने अन्तिम मितिः-** २०६६।१०।२८ गते र दोब्बर दस्तुर २०६६।११।६ गतेसम्म ।
**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुंदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।
**तलबः-** प्रचलित स्केल बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको सामान्य प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालयहरु ।

# आवश्यक न्यूनतम योग्यता

*(क) आ.प्र.को लागि*

**१. निजामती सेवा ऐन, २०४९ को दफा २१ नि.से.नि., २०५० को नियम ८७ (१) बमोजिम -**

(क) सम्बन्धित सेवाका राजपत्र अनंकित प्रथम श्रेणीको पदमा ५ (पाँच) वर्ष स्थायी सेवा अवधि पूरा भएको ।
तर समावेशी समूहका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा एक वर्ष कम भएपनि हुनेछ ।

(ख) सम्बन्धित सेवा, समूह र उपसमूहको बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदको सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता भएको ।

***(ख) खुलाको लागि***

(१) **व्यवस्थापिका संसद सेवा, परराष्ट्र सेवा र प्रशासन सेवा, राजस्व समूह सामान्य प्रशासन समूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण भएको ।

(२) **प्रशासन सेवा, लेखा समूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण ।

(३) **न्याय सेवाको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको ।

(४) **लेखापरीक्षण सेवाको लागिः-** व्यापार प्रशासन वा वाणिज्य शास्त्र विषयमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण भएको ।

***द्रष्टव्य***

(क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु {(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र} र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवं दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्ने छ । **खुला पदको हकमा रा.प.तृतीय श्रेणी अप्राविधिक पदको प्रारम्भिक परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ** ।

(ख) दरखास्त दिने अन्तिम मितिसम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) निजामती सेवाको हकमा नि.स.ऐन, २०४९ को दफा (१०) बमोजिम र व्यवस्थापिका संसद सेवाको हकमा व्यवस्थापिका संसद ऐन बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ङ) आयोगद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(च) दरखास्त फारामको नमूना आयोगको **Website: www.psc.gov.np** बाट **Download** गरी आवश्यक विवरण भरी तोकेको कागजात सहित साधारण फाइलमा विज्ञापन नम्बर, सेवा, समूह, उपसमूह र उम्मेदवारको नाम, थर लेखि फाइलमा नत्थी गरी आयोगको केन्द्रीय, क्षेत्रीय तथा अञ्चल कार्यालयमा र लोक सेवा आयोगको कार्यालय नभएका जिल्लाको हकमा सम्बन्धित जिल्ला हुलाक कार्यालयमा पनि दरखास्त बुझाउन सकिनेछ । **A4** साइजको पेपरमा दिएको साइजमा फरक नपारी फोटोकपि गरी, कम्प्युटर टाइप गरी वा आयोगको कार्यालयमा मौज्दात रहेसम्म जुनसुकै रंगको फाराम खरिद गरी विवरण भरी बुझाउन सकिने छ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

(छ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी/अस्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ज) प्रत्येक सेवा अन्तर्गत एक समूह/उपसमूहको लागि समावेशी र खुला प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

(झ) ती समूहभित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका उम्मेदवारहरुका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नु पर्नेछ, तर रोल नम्बर र प्रवेशपत्र भने एउटा मात्र प्रदान गरिने छ ।

(ञ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मदेवार हुने समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(ट) एकभन्दा बढी समूहमा फाराम भर्ने उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको एक एक प्रति मात्र बुझाए पुग्ने छ ।

(ठ) पाठ्यक्रम आयोगको **Website** बाट प्राप्त गर्न सकिने छ ।

(ड) विज्ञापन भएको २१ दिन सम्ममा थप माग प्राप्त भएमा सो समेत समावेश गरिने छ ।

(ढ) समावेशी समूहको पदहरुका परीक्षामा समान श्रेणीको हैसियतले समावेश गराइने छैन ।

## समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरुः-

समावेशी तर्फ दरखास्त दिने उम्मेदवाहरुले निजामती सेवा नियमावली, २०५० (सातौं संशोधन) को दफा १४ मा व्यवस्था भए अनुसारको निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्‌बाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

(घ) मधेसीका हकमा नेपाल सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रका हकमा ऐनको दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।